# कसरी  सम्बन्ध-विच्छेद वा कानुनी-विभाजन दायर गर्ने

### यो कसका लागि हो?

यदि तपाईं आफ्नो विवाह वा विवाहसरहको कानुनी नाताबाट सम्बन्ध-विच्छेद वा आधिकारिक विभाजन चाहनुहुन्छ भने:

- दायर गर्नुअघि एक पक्ष कोलोराडोमा कम्तीमा ९१ **दिनका** लागि बसोबास गरेको हुनुपर्नेछ।
- यदि तपाईंको बच्चाहरू छन भने कोलोराडोमा कम्तीमा **१८२ दिनका** लागि बसेको हुनुपर्नेछ वा छ महिनाभन्दा कम उमेरको भए जन्ममिति बसेको हुनुपर्नेछ।
- यदि तपाईंलाई दोभाषे आवश्यक भए कृपया अदालतलाई जानकारी दिनुहोस्।

### कुनै प्रतीक्षा अवधि छ कि छैन?

**छ।** तपाईं र तपाईंको पति-पत्नी सम्पूर्ण मुद्दाहरूमा सहमत भएता पनि। तपाईंले याचिका दायर गर्न र अर्को पति-पत्नीलाई सूचित गर्नुअघि **९१ दिन** पर्खिनै पर्नेछ।

यी ९१ दिनहरू सँगै याचिका दायर गरेका दिनबाट वा, अर्को व्यक्तिलाई सूचित गरेपछि वा उस/उनले छुटका लागि हस्ताक्षर गरेपछि सुरु हुन्छन्।

### हामा असहमतिहरू समाधान गर्नका लागि के हामी मद्दत पाउन सक्छौं?

विवाद समाधानको राज्य कार्यालयले समाधान नभएका मुद्दामा सहमत हुन पति-पत्नीलाई मद्दत गर्छ। www.ColoradoODR.org

### के म सम्बन्ध-विच्छेदका विषयमा मेरो विचार परिवर्तन गर्नसक्छु?

सक्नुहुन्छ। तर तपाईंले विचार परिवर्तन गर्नुभयो र दुवै पक्ष सम्बन्ध-विच्छेद रोक्न चाहनुहुन्छ भने **तुरुन्तै** अदालतलाई सूचित गर्नुहोस्। यदि त्यसो गर्नुभएन भने स्वतः तपाईंहरूको सम्बन्ध-विच्छेद हुनेछ! हामीलाई सूचित गर्नका लागि फाराम जेडिएफ १३०५- *रद्द गर्नका लागि निर्धारित प्रस्ताव* भर्नुहोस् र दायर गर्नुहोस

यस पृष्ठमा प्रदान गरिएको जानकारी कानुनी जानकारी हो।
कानुनी सल्लाहका लागि, कुनै वकिलसँग सम्पर्क गर्नुहोस्।

### के मैले वकिल राख्नैपर्छ?

तपाईंले वकिल राख्न जरुरी *छैन*, तर तपाईंले वकिलहरूले पालना गर्ने समान नियमहरू तथा कार्यविधिहरूको पालना गर्नुपर्ने हुन्छ। तपाईंले कुनै पनि समयमा वकिलसँग सम्पर्क गर्न सक्नुहुन्छ।

### के पालना गर्नै पर्ने नियमहरू छन्?

**छन्।** याचिका दायर गरिसकेपछि, दुवै पति-पत्नीले अदालतको अस्थायी आदेशको पालना गर्नुपर्नेछ:

- अर्को पति-पत्नी वा अदालतको अनुमति बिना कुनै पनि वैवाहिक सम्पत्ति बेच्न, स्थानान्तरण गर्न, नियुक्त गर्न, वापत उधारो लिन, लुकाउन वा मुक्त हुन पाइने छैन। तपाईंले आफ्नो आयको उपयोग आफ्नो सामान्य व्यवहार खर्चहरू तथा आफ्नो सामान्य जीवन आवश्यकताहरूका लागि गर्न सक्नुहुनेछ।
- अर्को पति-पत्नीको शान्ति नखल्बल्याउनुहोस्।
- यस मुद्दामा एक पक्षलाई कभर गर्ने स्वास्थ्य, घरमालिकको, बहालवालाहरूको अटोमोबाइल, वा जीवन-बिमा नीतिहरूका लागि भुक्तानी रद्द नगर्नुहोस् वा नरोक्नुहोस्, वा कुनै परिवर्तन नगर्नुहोस् वा कुनै पक्षलाई लाभार्थीका रूपमा उल्लेख नगर्नुहोस्। *अपवाद:* यदि तपाईंसँग अर्को पक्षबाट लिखित अनुमति प्राप्त भएको वा अदालतको आदेश प्राप्त भएको छ भने तपाईंले बिमा कभरेजमा परिवर्तनहरू गर्न सक्नुहुन्छ, र तपाईंले अर्को पक्षलाई कम्तीमा १४ दिनको सूचना दिनुपर्नेछ।*(§§ 14-10-107; 14-10-108,* सि.आर.एस.*)*

अदालतका आदेशहरूको पालना गर्नुपर्नेछ।

अशक्तता भएकालाई समायोजनहरूका लागि आफ्नो स्थानीय अदालतमा सम्पर्क राख्नुहोस्।

# दायर गर्नुपर्ने फारामहरू

## ① अदालतका फारामहरू भर्नुहोस्

यदि तपाईं र तपाईंको पति-पत्नी याचिकामा सँगै हस्ताक्षर गर्नुहुन्छ भने प्रक्रिया सरल छ।

यी फारामहरू भर्नुहोस्:

- ☐ जेडिएफ १००० मुद्दा जानकारी पृष्ठ।
- ☐ जेडिएफ १०११ याचिका।
- ☐ जेडिएफ १०१२ सम्मनहरू(यदि सँगै याचिका दायर गरेमा यो छाडिदिनुहोस्)

**मैले यी फारामहरू कहाँ पाउन सक्छु?**

www.courts.state.co.us/Forms/familyमा जानुहोस्।

आफ्नो रेकर्डका लागि सम्पूर्ण फारामहरूको एक-एक प्रति आफूसँग राख्नुहोस्।

## ② अदालतमा आफ्नो फाराम दायर गर्नुहोस्

- www.jbits.courts.state.co.us/efiling मा अनलाइन दायर गर्नुहोस्।
- वा, आफू वा आफ्नो पति-पत्नी बसोबास गर्ने काउन्टीको अदालतको क्लर्कलाई आफूले भरेका फारामहरू बुझाउनुहोस्।
- दायर शुल्क भुक्तानी गर्नुहोस्।
- यदि तपाईं शुल्क वहन गर्न सक्नुहुन्न भने निम्न फारामहरू पनि दायर गर्नुहोस्:
  - जेडिएफ २०५ – प्रस्ताव, र
  - जेडिएफ २०६ - आदेश *(शीर्षक मात्र)*
- तपाईंले दायर गरेको ४२ दिनभित्र तपाईंको प्रारम्भिक स्थिति सम्मेलनका लागि समय तोकिनेछ।
- स्थानीय अदालतको प्रक्रियामा आधारित रहेर तपाईंलाई प्रक्रियागत आदेशहरू दिइनेछन् वा हुलाकबाट पठाइनेछन्।

## ③ सेवा

- यदि सँगै याचिकामा हस्ताक्षर गर्नुभएको छ भने यो चरण छाडिदिनुहोस्।
- आफ्नो पति-पत्नीलाई कसरी सूचित गर्ने भन्ने विषयमा जेडिएफ १०९९ को समीक्षा गर्नुहोस्।

## ④ प्रतिक्रिया

- यदि सँगै याचिकामा हस्ताक्षर गर्नुभएको छ भने यो चरण छाडिदिनुहोस्।
- प्रतिवादीले जेडिएफ १०१५ - प्रति प्रतिक्रिया दिनेछन्।
- दायर गर्नका लागि चरण २ हेर्नुहोस्।
- एक प्रति वादीलाई इ-सेवा गर्नुहोस् वा हुलाकबाट पठाउनुहोस्।

## ⑤ यी फारामहरूरा गर्नुहोस् र दायर गर्नुहोस्:

***समयसीमा चेतावनी!***

याचिका दायर गरिएको वा प्राप्त गरेको **४२ दिनभित्र,** प्रत्येक पति-पत्नीले निम्न फारामहरू दायर गर्नुपर्नेछ:

- ☐ जेडिएफ ११११ सपथबद्ध आर्थिक वक्तव्य
- ☐ जेडिएफ ११०४ अनुपालनको प्रमाणपत्र

**अन्य दायर गर्नुपर्ने फारामहरू:**

☐ जेडिएफ १११५ सम्पत्ति तथा आर्थिक सहमति
यस फारामले अदालतलाई तपाईंले आफ्नो सम्पत्ति कसरी विभाजन गर्ने तथा पति-पत्नी सहयोग प्रबन्धन गर्ने योजना बनाउनुभएको छ भन्ने कुराको जानकारी दिन्छ।
पक्षहरूले एउटा प्रलेखसँगै हस्ताक्षर गरेर बुझाउँछन्। यदि तपाईं सहमत हुनुहुन्न भने मध्यस्थताको आदेश दिन सकिनेछ।

☐ जेडिएफ १११७ सहयोग आदेश*(शीर्षक मात्र)*

☐ जेडिएफ १०१९ आदेश *(शीर्षक मात्र)*
यो तपाईंका लागि अन्तिम आदेश हो। अदालतले यसमा हस्ताक्षर गरेपछि, सम्बन्ध-विच्छेद प्रक्रिया पूरा हुन्छ।

**यदि तपाईंसँग बालबच्चाहरू छन् भने निम्न फारामहरू पनि दायर गर्नुहोस्:**

☐ जेडिएफ १११३ पालनपोषण योजना
पक्षहरूले एउटा प्रलेखसँगै हस्ताक्षर गरेर बुझाउँछन्। यदि तपाईं सहमत हुनुहुन्न भने मध्यस्थताको आदेश दिन सकिनेछ।

☐ बच्चा सहयोग कार्यपत्र
बच्चा सहयोग गणक निम्न वेबसाइटमा प्राप्त गर्न सकिनेछ:
www.courts.state.co.us/Forms/family

**यदि तपाईंसँग बालबच्चाहरू छैनन् भने तपाईं निम्न दायर गर्न सक्षम हुन सक्नुहुन्छ:**

☐ जेडिएफ १०१८ उपस्थिति बिनाको आदेश
यस प्रलेखले तपाईंहरू पूर्ण सहमतिमा पुगेको, र सुनवाइ आवश्यक नरहेको उल्लेख गर्छ। पक्षहरूले एउटा प्रलेखसँगै हस्ताक्षर गरेर बुझाउँछन्।

## ⑥ अदालत सुनवाइ

यदि सहमतिमा पुग्न सकिएन भने अदालतको सुनवाइ सञ्चालन गरिनेछ।